## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१३९

आज मिति २०८३/०३/०५ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १३९ मितिः २०८३/०३/०५

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लहरेपौवा, रसुवा बागमती प्रदेश, नेपाल २०७३

**प्रस्तावहरुः**

१. आ.व २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेटका सम्बन्धमा ।

२. विद्यालयमा स्काउट प्रवर्धन कार्यक्रम अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा ।

३. BTSCOL कार्यक्रमको लागि रकम भुक्तानी गर्ने सम्बन्धमा।

४. दलित र गैरदलित बीच हुने विवाह प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा।

५. छात्रवृत्ति सम्बन्धमा ।

६. श्री पञ्चधाम सेवा केन्द्र नेपाललाई रकम भुक्तानी गर्ने सम्बन्धमा।

७. कृषि एम्बुलेन्स खरिद सम्बन्धमा।

८. कटुञ्जे दियाले खानेपानी उपभोक्ता समितिको रकम भुक्तानी सम्बन्धमा।

९. ढुंगा फुटाउने कार्यको म्याद थप गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

१. आ.व २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट विनियोजनका सम्बन्धमा छलफल भई आ.व.२०८३/०८४ को वर्खे अधिवेशन मिति २०८३ असार महिनाको १० गते बिहान ११:०० बजे आह्वान गर्ने निर्णय गरियो ।

२. उत्तरगया गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत चालु आ.व २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विद्यालय स्काउट प्रवर्धन कार्यक्रमका लागि प्राप्त भएको प्रस्तावना र गत आ.व को प्रतिवेदनका आधारमा तपसिल बमोजिमका विद्यालयहरुमा देहाय बमोजिमको रकम निकासा गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. डाँडागाउँ मा.वि – ४५ हजार
२. शिवालय आ.वि- ३० हजार
३. पञ्चलिङ्गे आ.वि- ४० हजार
४. ढुङ्गे आ.वि- ४५ हजार
५. नीलकण्ठ मा वि- ७५ हजार
६. भुमेदेवी मा वि- ४५ हजार

रामनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

७. नवविजयी महेन्द्र मा वि – ५० हजार

३. BTCSOL कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८२ बमोजिम गाउँपालिकाको कार्यालयले उक्त कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकाको दायित्व अन्तर्गतको तपसिल बमोजिमको शीर्षक बमोजिमको रकम वापत हुन आउने कुल रकम रु २,०७,७२३।– (अक्षरेपी दुई लाख सात हजार सात सय तेइस रुपैंया मात्र ।) भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

- प्रत्येक १५ जना विद्यार्थीको रु ८,०००।– का दरले हुन आउने रकम रु १,२०,०००।–
- २०८२ साल मंसिर देखि २०८३ असार सम्मको प्रत्येक महिनाको ३,०००।– का दरले हुन आउने घर भाडा वापतको रकम रु २४,०००।–
- २०८२ साल मंसिर महिना देखि २०८२ साल चैत्र मसान्तसम्मको खाना वापतको रकम रु ४६,०००।–
- शिक्षक व्यवस्थापनको लागि ओड्ने ओछ्याउने कार्पेट पर्दा लगायतको सामाग्री व्यवस्थापन र भर्ना अभियानमा जाँदा फ्लेक्स लगायतका विविध कार्यक्रममा खर्च- रु१७,७२३।-

४. दलित र गैरदलित विवाह प्रोत्साहन कार्यक्रम अन्तर्गत पेश भएका तपसिल बमोजिमका ६ निवेदकहरु उपर कारबाही गर्दा मनासिव देखिएकोले प्रत्येक जोडीलाई रु ५०,०००।– गरी अन्तर जातिय ( दलित र गैरदलित) विवाह प्रोत्साहान शीर्षकबाट रु ३,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | दम्पत्तिको नाम | | ठेगाना |
|---|---|---|---|
| | श्रीमान् | श्रीमती | |
| १ | रोशन तामाङ | सुप्रिना परियार | उत्तरगया गा पा -१, रसुवा |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १३९ मितिः २०८३/०३/०५

| | | | |
|---|---|---|---|
| २ | सन्जय विश्वकर्मा | सन्तोषी गुरुङ | उत्तरगया गा पा -३, रसुवा |
| ३ | आयुव वि.क. | निशा गुरुङ | उत्तरगया गा पा -३, रसुवा |
| ४ | सुमन तामाङ | सरिता नेपाली तामाङ | उत्तरगया गा पा -१, रसुवा |
| ५ | रविन विश्वकर्मा | सोनिया बस्नेत | उत्तरगया गा पा -४, रसुवा |
| ६ | शुभराज तामाङ | लक्ष्मी बराईली | उत्तरगया गा पा -२, रसुवा |

५. छात्रवृत्ति व्यवस्थापन समितिको मिति २०८३।०३।०५ गतेको निर्णय अनुसार उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८३ को बुँदा ८ को उपबुँदा २ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि उच्च शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीहरुको अन्तिम नामावली स्वीकृत गर्ने र छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरुलाई तपसिल बमोजिम छात्रवृति रकम निकाशा दिने निर्णय गरियो ।

सोमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

## उच्च शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण:

| क्र.स. | विद्यार्थीको नाम थर | ठेगाना | अध्ययन गरेको क्षेत्र | वर्ष | नयाँ / क्रमागत | अध्ययन गरेको शैक्षिक संस्था र ठेगाना | छात्रवृत्ति रकम |
|---|---|---|---|---|---|---|---|
| १ | दिव्या आचार्य | उत्तरगया - ५ रसुवा | एम.वि.वि.एस | तेस्रो | क्रमागत | किष्ट मेडिकल कलेज तथा शिक्षण अस्पताल, ललितपुर | ३००००० |
| २ | समिर आचार्य | उत्तरगया - ५ रसुवा | सिभिल इन्जिनियर | तेस्रो | क्रमागत | पुल्चोक क्याम्पस , ललितपुर | १२५००० |
| ३ | सिर्जीला कुमारी घले | उत्तरगया - ४ रसुवा | स्टाफ नर्स | तेस्रो | क्रमागत | महेन्द्र नारायण निधि मेमोरियल हेल्थ ईन्स्टिच्यूट, काठमाण्डौ | ५०००० |
| ४ | प्रतिमा थापा क्षेत्री | उत्तरगया - ४ रसुवा | हेल्थ असिष्टेन्ट | तेस्रो | क्रमागत | लर्ड बुद्ध कलेज, काठमाण्डौ | ५०००० |
| ५ | मालती वाईवा | उत्तरगया - ४ रसुवा | हेल्थ असिष्टेन्ट | तेस्रो | क्रमागत | लर्ड बुद्ध कलेज, काठमाण्डौ | ५०००० |
| ६ | रसिक पौड्याल | उत्तरगया - ५ रसुवा | सिभिल इन्जिनियर | दोस्रो | क्रमागत | एड्भान्स कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट,काठमाण्डौ | १२५००० |
| ७ | निर्जरा गुरुङ | उत्तरगया - २ रसुवा | हेल्थ असिष्टेन्ट | दोस्रो | क्रमागत | राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान, काठमाण्डौ | ५०००० |
| | | | | | | जम्मा क्रमागत | ७५०००० |
| | | | | | | | |
| ८ | विवेक पौडेल | उत्तरगया - २ रसुवा | शुद्ध विज्ञान स्नातक | प्रथम | नयाँ | अमृत क्याम्पस , काठमाण्डौ | ५०००० |
| ९ | बेसिका वाइवा | उत्तरगया - ४ रसुवा | स्टाफ नर्स | प्रथम | नयाँ | महेन्द्र नारायण निधि मेमोरियल हेल्थ ईन्स्टिच्यूट, काठमाण्डौ | ५०००० |
| १० | लवकुश गजुरेल | उत्तरगया - ४ रसुवा | सि एस आइ टि | प्रथम | नयाँ | एसियन अफ म्यानेजमेन्ट एण्ड टेक्नोलोजि,काठमाण्डौ | १२५००० |
| ११ | राधिका रैला | उत्तरगया - २ रसुवा | हेल्थ असिष्टेन्ट | प्रथम | नयाँ | किस्पाङ बहुप्राविधिक शिक्षालय ,नुवाकोट | ५०००० |
| १२ | पुजा रैला | उत्तरगया - २ रसुवा | हेल्थ असिष्टेन्ट | प्रथम | नयाँ | किस्पाङ बहुप्राविधिक शिक्षालय ,नुवाकोट | ५०००० |
| १३ | युना ढकाल | उत्तरगया - ४ रसुवा | एम.वि.वि.एस | प्रथम | नयाँ | किष्ट मेडिकल कलेज तथा शिक्षण अस्पताल, ललितपुर | ३००००० |
| १४ | सलिना आचार्य | उत्तरगया - २ रसुवा | शुद्ध विज्ञान स्नातक | प्रथम | नयाँ | त्रिचन्द्र बहुमुखी क्याम्पस , काठमाण्डौ | ५०००० |
| | | | | | | जम्मा नयाँ | ६७५००० |
| | | | | | | कुल जम्मा | १४२५००० |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १३९ मितिः २०८३/०३/०५

त्यसै गरी उत्तरगया गाउँपालिका वडा नम्बर ३ स्थायी ठेगाना भएकी BCSIT दोस्रो बर्षमा अध्ययनरत श्री रोजिना तिमल्सिनालाई उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०८३ अनुसार तोकिएको आवश्यक विवरण प्राप्त भएपश्चात एक लाख पच्चिस हजार रुपयाँ प्रदान गरिने निर्णय गरियो । आर्थिक वर्ष २०८२।८३ का लागि संकेत नम्बर ४२५. २२. १. ८९ को उच्च शिक्षा अध्ययन छात्रवृति शीर्षकमा तेह्र लाख सत्तरी हजार मात्रै बजेट बिनियोजित भएको तर निर्णय नम्बर १ र २ बमोजिम छात्रवृति प्रदान गर्न पन्ध्र लाख पचपन्न हजार आवश्यक देखिएकोले नपुग रकम एक लाख असी हजार रुपयाँ विद्यालयहरुलाई शैक्षिक/ खेलकुद सामग्री तथा मसलन्द (संघीय मसलन्द बराबर) र मेसिनरी औजार मर्मत समेत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

६. श्री पञ्चधाम सेवा केन्द्र, नेपालले मिति २०८२/०९/०४ गते पौषे औंशी श्राद्धमा पाल्नुभएका श्रद्धालु भक्तजनहरुका लागि नि शुल्क भोजन कार्यक्रम सम्पन्न गरेकोमा उक्त सेवा केन्द्रलाई बिल बमोजिमको रकम रु ९९,४४०।– ( अक्षरेपी उनान्सय हजार चार सय चालिस रुपैंया। ) सार्वजनिक उपयोगिताको सेवा खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।.

७. कृषि एम्बुलेन्स खरिदका लागि क्याटलग सपिङ खरिद विधि मार्फत प्रक्रिया अगाडि बढाइएकोमा उक्त कृषि एम्बुलेन्स हेफर इन्टरनेशनल नेपालको विधान अनुसार गाउँपालिका र गाउँपालिका अन्तर्गतको शाखालाई हस्तान्तरण गर्न नमिल्ने र सहकारीलाई मात्र हस्तान्तरण गर्न मिल्ने प्रावधान उल्लेख भएको हुँदा उत्तरगया गा पा -२ मा रहेको मिलिजुली सामाजिक उद्यम महिला

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

कृषि सहकारी संस्था लिमिटेडलाई हस्तान्तरण गरी गाउँपालिका मार्फत सञ्चालन र व्यवस्थापन हुने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

८. उत्तरगया गाउँपालिका वडा नं २ मा रहेको कटुञ्जे दियाले उपभोक्ता समितिको रकम भुक्तानीका लागि प्राविधिक मूल्यांकन बमोजिमको रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

९. उत्तरगया गा पा ४ मा अड्किएर रहेको ढुंगा फुटाउने कार्य भइरहेकमा उक्त कार्यको म्याद २०८३ जेष्ठ १५ सम्म रहेकोमा सम्झौता भए बमोजिमको समयमा उक्त कार्य सम्पन्न हुन नसक्ने भएकाले २०८३ असोज १५ सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत